मिति २०७८।०४।१४ गते विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १६ वमोजिम गठित जिल्ला विपद् व्यवस्थापन समिति भक्तपुरको बैठक जिल्ला समन्वय समितिको सभाकक्षमा निमित्त प्रमुख जिल्ला अधिकारी श्री मुकेश कुमार केशरीज्यूको अध्यक्षतामा वसी तपशिल वमोजिम निर्णयहरू गरियो ।

विषेश आमन्त्रीत

माननीय श्री प्रेम सुवाल -संघीय सांसद प्रतिनिधि सभा

जि.स.प्रमुख श्री नवराज गेलाल — जिल्ला समन्वय समिति, भक्तपुर ।

जिल्ला विपद् व्यवस्थापन समितिका पदाधिकारीहरू

निमित्त प्रमुख जिल्ला अधिकारी, श्री मुकेश कुमार केशरी - अध्यक्ष

जि.स. अधिकारी श्री जगन्ननाथ लामिछाने , जिल्ला समन्वय समितिको कार्यालय भक्तपुर - सदस्य

प्रमुख सेनानी श्री श्याम राजा विक्रम थापा, ईन्द्रबक्स गण सुर्यविनायक व्यारेक - सदस्य

प्रहरी उपरिक्षक श्री शिव कुमार श्रेष्ठ, महानगरीय प्रहरी परिसर भक्तपुर - सदस्य

सशस्त्र प्रहरी उपरिक्षक श्री उद्धब बहादुर न्यौपाने, सशस्त्र प्रहरी बल नेपाल २२ नं गण - सदस्य

उप अनुसन्धान निर्देशक श्री टेक राज तिमल्सेना , रा.अ.वि.जिल्ला कार्यालय भक्तपुर - सदस्य

कृष्ण बहादुर मिजार, जिल्ला स्वास्थ्य कार्यालय भक्तपुर - सदस्य

मन्त्री परशुराम पाण्डे
~~प्रमुख~~ श्री ~~मनोज थापा~~, नेपाल रेडक्रस सोसाइटी भक्तपुर - सदस्य

मे.सु. डा. ~~श्री समित्रा गौतम~~, भक्तपुर अस्पताल, भक्तपुर - सदस्य
प्रसन्न राजभण्डारी

प्रमुख डा. श्री प्रेम ज्ञवाली, शहिद धर्म भक्त राष्ट्रिय प्रत्यारोपन केन्द्र, भक्तपुर - सदस्य

आमान्त्रित

गणेश त्यात बडा अध्यक्ष चा.न.पा वड नं.-९

स.प्र.ना.उ.यदु कुमार कार्की स.प्र बल नं.२२ गण

उ.स. शर्मीला के.सी कार्की

प्र.अ. यज्ञराज जोशी

२०७८/४/१८/२७
१४
दो.स्रो
घाना

१. चाँगुनारायण नगरपालिका वडा नं.०९ ताथलीमा आएको पहिरोले त्यहाँ रहेका बस्तीहरु उच्च जोखिममा रहेकोले सो को स्थलगत अनुगमन गरी प्रतिवेदन पेश गर्न देहाय बमोजिमको समिति गठन गर्ने ।

| | | |
|---|---|---|
| इन्जिनियर | जलउत्पन्न तथा सिचाई डिभिजन कार्यालय | - संयोजक |
| वडा अध्यक्ष | चाँगुनारायण नगरपालिका वडा नं.०९ | - सदस्य |
| प्रतिनिधि | वन डिभिजन कार्यालय | - सदस्य |
| प्रतिनिधि | जिल्ला समन्वय समिति | - सदस्य |

२. हाल मनसुनी याम चलिरहेको तथा विपद्का घटनाहरु दिन प्रतिदिन घटिरहेकोले स्थानीय विपद् व्यवस्थापन कोषलाई सक्रिय बनाउन आपत्कालिन अवस्थामा विपद् वजोखिम न्युनीकरणको लागि चाहिने अत्यावश्यक सामाग्री भण्डार गरेर राख्न नगरपालिकाहरुलाई अनुरोध गर्ने ।

३. यस जिल्लाका विभिन्न स्थानहरुमा जग्गाको वर्गिकरण गरी काम गर्न. वातावरणीय प्रभाव मूल्याङ्कन नै नगरी डोजरको प्रयोग भइरहेकोले संवेदनशिल क्षेत्र छुट्याउन स्थानीय तहलाई अनुरोध गर्ने ।

४. यस जिल्लामा कोभिड-१९ को संक्रमण दिन प्रतिदिन बढ्दै गइरहेको तथा अस्पतालमा वरामीहरुको संख्या पनि बढ्न थालेकोले जिल्लमा रहेका सम्पूर्ण अस्पतालहरुलाई कोभिड-१९ को नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम संचालन गर्ने ।

५. नगरपालिका अन्तर्गत रहेका वडा स्वास्थ्य केन्द्रलाई थप सक्रिय बनाई Case Identification तथा contract tracing लाई व्यापक बनाउन नगरपालिकाहरुलाई अनुरोध गर्ने ।